सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ ✶ अंक १२१ ✶ २०८० साल, पौष २८ गते शनिबार ✶ Saturday 13 Jan, 2024 ✶ मूल्य रु. ५/- ✶ पृष्ठ : ४

## बाराको मुसहर्वा प्रहरी चौकी इन्चार्ज यादवको मिलोमतोमा खुल्मखुला तस्करी एसपी देखि डीआइजी सम्म सेटिङ्गगरेको तस्करहरुको भनाई



***शुभम सन्देश, बिश्रामपुर २७ पौष***

बाराको विश्रामपुर गाउँपालिकाको मुसहर्वा नाका बाट ब्यापक तस्करी फस्टाएको छ। उक्त नाकाबाट नेपाल तर्फ टेक्टरमा नै चिनी धान र चामलको तस्करी गराउने कार्य सुरु भएको छ। बारा प्रहरीलाई मोटो रमक दिइ तथा राजनितिक संरक्षणमा महिनौ देखि सो नाकाबाट टेक्टरमा नै धान र चामलको तस्करी सँगै बोराका बोरा काजु र किसमिसको समेत तस्करी फस्टाएको स्थानियहरु प्रत्यक्षदशीहरुले जानकारी गराएको छ।

केही स्थानिय जनप्रतिनिधि तथा पुराना केही जनप्रतिनिधिहरुको घरकै सदस्यहरु तस्करीको लाइन मिलाउन प्रहरी चौकी इर्न्चाज शिव प्रसाद यादव , गण्डक प्रहरी चौकिका घुमुवा भागरित महतो केवट र जिल्ला प्रहरी कायालय बाराका घुमुवा अजय पटेललाई मोटो रकम दिएर जिल्ला प्रहरीकार्यालय बारा र पर्सालाई मिलाएको छ भने राजनितिक पहुच र पैसाको बलमा डीआइजी समेतलाई मिलाएर चिनी,काजु किस्मीस धान र चामल लगायत मेसिनरी पार्टपुर्जा र सुती कपडाको समेत तस्करी हुने गरेको स्थानियहरु बताउछन् । प्रत्यक्षदर्शीका अनुसार आफुहरु तलदेखि माथि सम्म सेटिङ्ग गरि सबै मिलाएकोले दिनरात हामी मालसमान ओसार पसार गर्छौं ।

नेता तथा जनप्रतिनिधि समेतलाई दैनिक र मासिक रुपौया बुझाई तस्करहरुले आफनो टीममा बाउन्सर समेत राखेर दिनरात तस्करी गराउदै आएको स्थानियहरु बताउछन्। यता आफनो मातहदमा रहेको कुनै पनि प्रहरी पोष्टलाई वा कुनै पनि प्रहरीले तस्कर संग नमिलेको तथा खुल्ला सिमान भएकै कारण दैनिक उपभोगका समान लुकाई छिपाइ नेपाल आउने गरेको बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपाने बताउछन् ।

## मालपोत कार्यालय पर्साका चारजना कर्मचारी भ्रष्टाचार मुद्दामा दोषी ठहर



**२७ पुस,वीरगञ्ज ।** मालपोत कार्यालय पर्साका चार जना कर्मचारीहरु भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । कार्यालयका तत्कालिन दुई जना प्रमुख, नायब सुब्बा र एक जना लेखापाल गरि चार जना कर्मचारीहरु दोषी ठहर भएका छन् ।

मालपोत कार्यालय पर्साका तत्कालीन कार्यालय प्रमुख प्रकाश प्रसाद पोखरेल, गम बहादुर विश्वकर्मा, नायव सुब्बा मदन प्रसाद गुप्ता, लेखापाल नागेन्द्र प्रसाद चौधरीलाई बिशेष अदालतले भ्रष्टाचार मुद्धामा दोषी ठहर गरेको छ ।

भ्रष्टाचार मुद्धाको सुनुवाई गर्दै अदालतका न्यायाधीश टेक नारायण कुँवर, नारायण सिंह राई र रितेन्द्र थापाको इजलासले गएको बुधबार चारैजनालाई दोषी ठहर गरेको हो । अदालतले दोषी ठहर गर्दै चारैजनालाई सजाय निर्धारणको लागि पेश गर्ने आदेश दिएको छ। मालपोत कार्यालयमा रकम हिनामिना गरि भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७९ साल चैत २८ गते चारैजना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गराएको थियो ।

अख्तियारले उनीहरुले मालपोत कार्यालयमा आर्थिक बर्ष २०७२/७३ मा जग्गा किनबेचका क्रममा विभिन्न लिखतबाट उठेको राजस्व रकम नियम अनुसार दाखिला नगरी हिनामिना गरेको पाइएको थियो। विभिन्न मितिमा जग्गा किनबेचको क्रममा उठाएको राजस्व रकम दाखिला नगरी हिनामिना गरी भ्रष्टाचारजन्य कसुरमा संलग्न रहेको पाइएको अख्तियारले जनाएको छ ।

अख्तियारले तत्कालीन कार्यालय प्रमुख प्रकाश प्रसाद पोखरेल बिरुद्ध ९३ लाख ६६ हजार २०९, तत्कालीन कार्यालय प्रमुख गम बहादुर विश्वकर्मा बिरुद्ध एक लाख ४१ हजार ८२५ रुपैया बिगो माग गर्दै भ्रष्टाचार मुदा दायर गराएको थियो । यसैगरि कार्यालयका तत्कालीन नायव सुब्बा मदनप्रसाद गुप्ता र तत्कालीन लेखापाल नागेन्द्र प्रसाद चौधरी बिरुद्ध जनही ९५ लाख ८ हजार ३४ रुपैयाँ विरुद्ध ९५ लाख ८ हजार ३४ रुपैया बिगो माग गरिएको थियो ।

## सिम्रौनगढबाट १ लाख ८७ हजार मूल्य बराबरको लत्ताकपडा पक्राउ



***शुभम सन्देश, बारा २७ पौष***

बारा प्रहरीले सिम्रौनगढबाट १ लाख ८७ हजार मूल्य बराबरको भन्सार छलीका कपडा बरामद गरेको छ । विशेष सूचनाको आधारमा सिम्रौनगढबाट खटिएको प्रहरी टोलीले गरेको छड्के जाँचमा भारतबाट ल्याउँदै गरेको हरिहरपुर सिम्रौनगढ बाटोबाट लत्ताकपडाहरु बरामद गरिएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जनाएको छ ।

उनका प्रहरीले ८ थान ब्लाङकेट, कपडाको थान ३, लेडिज सुट ३२ पीस, सुती साडी २६ पीस, पाइन्टको कपडा १३ थान र उनी चेक कपडा १ थान पक्राउ गरेको हो ।

बरामद भन्सार छलीका लत्ताकपडाहरु आवश्यक कारबाहीको सम्बनिधत निकायमा पठाइएको बारा प्रहरीले जनाएको छ ।

जाडोको समयमा चिसो बाट बचौ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।

परवानीपुर गाउँपालिकाको
कार्यालय ,लिपनीमाल ,बारा

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक शुभम सन्देश National DAILY दैनिक



प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक: तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू...............

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा

# २० करोडका भारतीय परियोजना र मोदीको हिन्दु काड

कुरा आजभन्दा ३९ वर्ष अगाडिको हो, स्वर्गीय टीआर विश्वकर्माको नेतृत्वमा हामी दिल्ली भ्रमणमा थियौं। खास कार्यक्रम भारतीय दलित साहित्य एकाडेमीको सप्ताहव्यापी कार्यक्रममा सहभागी हुनु थियो ।सँगै भारतीय शासन व्यवस्थामा विभिन्न महत्वपूर्ण पदहरूमा लामो समय बिताएका तथा गान्धीले डा. अम्बेडकरको वैकल्पिक दलित नेताको रूपमा उभ्याएका जगजीवन रामसँग पनि भेटघाटको कार्यक्रम थियो। उनी इन्दिरा गान्धी नेतृत्वको कंग्रेस पार्टी छोडेर विपक्षीको खेमामा जोडिएका थिए ।

उनीसँग भेटघाटको मुख्य विषय नेपालका दलितहरूलाई उनले सुरु गरेको विद्यार्थी पढाउने अभियानमा जोड्ने र अन्य सहयोग विस्तार गर्ने भन्ने थियो । हाम्रा साथीहरूले नेपालमा दलितहरूले कुनै अधिकार नपाएका र प्रताडित भएर बस्नु परेको कुरा उठाए ।त्यसलाई सम्बोधन गर्ने क्रममा उनले राजा त्रिभुवन र नेहरूबीच भएको संवादको प्रसंग निकाल्दै भने, त्यतिबेला नेपाललाई भारतमा गाभ्नुपर्छ भन्ने कुरा उठ्दा नेहरूले हुँदैन भनेका थिए। संभवत: नेहरूले त्यसो गरेको भए नेपालका दलितहरूले पनि भारतीय दलितहरू जस्तै आज धेरै सुविधा पाएका हुन्थे। उनले सिधै यस्तो भाषा प्रयोग नगरे पनि उनको आशय यस्तै थियो ।तुरुन्तै यसको प्रतिकारमा उत्रिँदै टीआर विश्वकर्माले भने, 'हामी रगतको एक-एक थोपा देशको लागि बगाउन तयार छौं तर यसो हुन दिँदैनौं।' टीआरको यस्तो कुरा सुनेपछि जगजीवन राम हच्किए र विषय प्रसंग अन्तै मोडे ।यो प्रसंगले के देखाउँछ भने भारतीय शासकहरूमा कुनै न कुनै रूपमा नेपालको सार्वभौमिकता र अलग देशको पहिचान कतै न कतै खट्किएको हुन्छ। अहिले हामी एक्काइसौं शताब्दीको सुरुवाती अवस्थामा छौं ।

आज पनि नेपाल र भारतको सम्बन्धमा यस्तै यस्तै आशंका र उतारचढाव आइरहन्छ ।अहिले भारतीय परराष्ट्र मन्त्री जयशंकरको नेपाल भ्रमणपछिको उत्पन्न परिस्थितिलाई विभिन्न कोणबाट व्याख्या, विश्लेषण र छलफल भइरहेको छ । नेकपा माओवादी नेतृत्वको प्रचण्ड सरकारलाई नागरिक समाजको एउटा तप्काले लचिलो सरकार मान्दछ र भारत प्रति आवश्यकता भन्दा बढी नै नरम देख्छ ।त्यो आफैंमा कति साँचो हो भन्ने सम्बन्धमा भारतले नेपाललाई गर्ने व्यवहारबाट प्रष्टिने कुरा हो। तर, विगत हेर्दा भारतको व्यवहार नेपालप्रति सकारात्मक र नेपालमैत्री भने छैन। त्यसलाई पुष्टि गर्ने हजारौं आधार छन् र त्यस विषयमा सयौं पुस्तक नेपाल र भारतका विद्वान् तथा पत्रकारहरूले लेखेका छन् ।अहिले जयशंकरको भ्रमणपछि खासगरी भारतले नेपालबाट किन्ने दशहजार मेगावाट बिजुली र विभिन्न परियोजनालाई बाँड्ने रु.२० करोडसम्मको अनुदान हो। बाहिरी रूपमा धेरै नआएको तर चर्चा भएको विषय भारतीय सेनाको अग्निपथ कार्यक्रम पनि हो ।केही समय अगाडि नागरिक समाजका केही अगुवाहरूले एउटा छलफल कार्यक्रम आयोजना गरेका थिए । सो कार्यक्रममा धेरै प्रबुद्ध व्यक्तिहरूका साथै पूर्व अर्थमन्त्री डा. युवराज खतिवडा तथा पूर्व अख्तियार प्रमुख तथा जलस्रोत अभियन्ता सूर्यनाथ उपाध्यायको उपस्थिति थियो ।

प्रधानमन्त्री सूर्यबहादुर थापाको पालादेखि सुरु भएको ३ करोड, डा. बाबुराम भट्टराईको पालामा ५ करोड र अहिले प्रचण्डको पालामा घोषणा भएको २० करोडको कुरा किन यति विवादित र गम्भीर विषय हो भन्ने कुरा उठेको थियो ।यदि नेपालमा हिन्दुत्वको कार्ड सफल भएमा बिहारका हिन्दुवादीहरूको भोट मोदीले पाउने पक्का छ। यस्तोमा नेपालमा साम-दाम-दण्ड-भेदको नीति अपनाएर हिन्दुत्वलाई स्थापना गर्ने लाइनमा मोदी छन् भन्न कुनै रकेट साइन्स पढ्नुपर्दैन ।यो कुरामा डा. खतिवडाको जवाफ थियो- 'म योजना आयोगको उपाध्यक्ष हुँदा विभिन्न क्षेत्रका व्यक्तिहरू आएर विभिन्न योजना तथा परियोजनाहरू माग गर्दथे। उनीहरू आफैं भन्थे नेपाल सरकारसँग पर्याप्त बजेट छैन ।

हामीलाई भारतीय दूतावासबाट दिइने परियोजनाका लागि सिफारिस दिनुपर्यो ।'यसो गर्नुको अर्थ त्यस्ता योजना माग्न आउने नेता तथा कार्यकर्ताहरूको लाइन भारतीय दूतावासमा लगाउनु र नेपाल सरकार भन्दा भारतीय दूतावासलाई शक्तिशाली बनाउनुहुन्थ्यो । खतिवडाको दावी थियो उनी अर्थमन्त्री भएको बेलामा ती सबै सहयोगहरू नेपालको बजेटरी प्रावधानमा ल्याई सोही अनुरूप खर्च गर्ने व्यवस्था गरियो । जुन प्रावधानले केही समय काम पनि गर्यो तर अहिले त्यसलाई फेरि भत्काउन खोजिएको छ ।पहिले पनि भारतीय दूतावासले आफूखुसी त्यस्ता परियोजनाहरू बाँड्ने गरेकै हो तर अहिले खासगरी मोदी सरकारले यस्तो परियोजनालाई आफ्नो हिन्दुत्वको कार्ड खेल्न प्रयोग गर्न सक्छ भन्ने सबैभन्दा ठूलो डर हो । विगतमा पनि मनाङ र मुस्ताङमा गएर भारतीय राजदूतले त्यहाँका बौद्ध गुम्बाहरूलाई मर्मतसम्भार लगायत नाममा सहयोग गर्ने गरेका छन् ।यस्तै त्यहाँका विद्यालय भवनमा पनि सहयोग गरेकै हुन् । पहाडतिर धेरै नउक्लिएको त्यस्तो सहयोग सिधै हिमाली जिल्लामा पुग्नुले उसको नियतलाई प्रष्ट्याएकै थियो। अहिले नरेन्द्र मोदीले हिन्दुत्वको ठूलो कार्ड खेलिरहेका छन् र त्यसैको बलमा उनी तेस्रो कार्यकालको लागि चुनावी मैदानमा आएका छन् ।नेपालसँग जोडिएको बिहार र उत्तरप्रदेशको लोक सभामा उनले जित्ने सिटले उनको राजनैतिक भविष्य निर्धारण हुन्छ। उत्तरप्रदेशमा उनकै सहयोगी योगी आदित्यनाथ मुख्यमन्त्री भएको हुँदा त्यहाँ उनलाई त्यति समस्या छैन तर बिहारमा उनका कट्टर विरोधीमध्येका एक नितिश कुमारको शासन छ र उनी इण्डिया गठबन्धनमा जोडिएका छन् ।यदि नेपालमा हिन्दुत्वको कार्ड सफल भएमा बिहारका हिन्दुवादीहरूको भोट मोदीले पाउने पक्का छ । यस्तोमा नेपालमा साम-दाम-दण्ड-भेदको नीति अपनाएर हिन्दुत्वलाई स्थापना गर्ने लाइनमा मोदी छन् भन्न कुनै रकेट साइन्स पढ्नुपर्दैन । त्यसको बलियो प्रमाण त प्रचण्डले मध्यप्रदेशको महांकालेश्वर तथा पशुपतिमा पीताम्बर बस्त्र सहित गरेको पूजाले प्रमाणित गर्दछ ।यो हिन्दुत्वको कार्डले भारतको अघोषित नेपाल नीति नियन्त्रित अस्थिरतालाई थप बल पुर्याउँछ । जसरी भारतमा अहिले दलित तथा धार्मिक अल्पसंख्यकहरूलाई आतंकित पारिएको छ, त्यो दिन नेपालमा नआउला भन्न सकिँदैन । किनभने अहिले राप्रपाले घोषित रूपमै संघीयता, समानुपातिकता लगायत नीति भत्काउँदै हिन्दु राजसंस्था ब्युँताउने कुरा मात्रै गरेको छैन, आन्दोलनको कार्यक्रम नै घोषणा गरेको छ ।

एकातर्फ उसले जात र धर्मको आधारमा स्थापित राजसंस्थाको वकालत गर्दछ भने अर्कोतर्फ अहिले सरकारले दिएको आरक्षणलाई जातको आधारमा दिइनुहुँदैन भन्छ। उसले भारतीय शासकहरूको आडमा हिन्दुत्वको वकालत गरिरहेको आरोप त नेपालका लागि अमेरिकी राजदूतले सार्वजनिक रूपमै लगाइसकेका छन् ।बिजुलीको कुरा गर्दा नेपालले गएको वर्ष करिब १७ अर्बको बिजुली भारतबाट आयात गरेको थियो । यो अवधिमा निर्यात करिब १० अर्ब र यसपालि १५ अर्बको विद्युत् निर्यात गर्ने लक्ष्यलाई सरकारले आफ्नो ठूलो उपलब्धिको रूपमा देखाइरहेको छ। आगामी जेठ महिनासम्म हामीले कति आयात गर्छौं भन्ने हेर्न बाँकी नै छ। विश्वव्यापारमा 'ट्यारिफ' र 'नन ट्यारिफ ब्यारियर' शब्द निकै प्रचलनमा छन्। कुनै देशको सामान घोषित रूपमै आयातलाई निरुत्साहित गर्नु छ भने भन्सार लगायत शुल्कहरू लगाएर त्यसलाई निरुत्साहित गरिन्छ। घोषित रूपमा त्यस्तो शुल्क विभिन्न कारणले गर्दा लगाउन सकिँदैन भने नन ट्यारिफ ब्यारियर अर्थात् विभिन्न नीति, नियमहरू मार्फत त्यसलाई निरुत्साहित गरिन्छ ।नेपालको बिजुली भारतले प्रशस्तै नन ट्यारिफ ब्यारियर लगाएर निरुत्साहित गरिरहेको छ । आम आदमी पार्टीका नेता अरविन्द केजरीवालले भारतलाई निकट भविष्यमा पाँच लाख मेगावाट बिजुली आवश्यक पर्ने र अहिले २ लाख मेगावाट मात्रै उपलब्ध भएको बताएका थिए ।

त्यसले भारतले नेपालको क्लिन इनर्जी जति पनि लिन सक्छ भन्ने देखिन्छ। तर ऊ त्यसो गर्न चाहँदैन ।उसलाई नेपालको बिजुली भन्दा पनि नेपालको पानीको आवश्यक छ । जलस्रोत अभियन्ता सूर्यनाथ उपाध्यायको भनाइलाई सापटी लिने हो भने स्वच्छ पानीको परक्यापिटा उपलब्धता नेपालमा अत्यन्त धेरै छ भने भारतमा त्योभन्दा धेरै गुणा कम छ । नेपालको जलस्रोत नियन्त्रण गर्दा उसलाई धेरै फाइदा छ। तर, उसले आफ्नो स्वार्थ अनुकूल हुने जति मात्र नेपाललाई सुविधा दिन्छ ।नेपालको निजी क्षेत्रको विद्युत् उत्पादन समूहले भारतको १० हजार मेगावाट किन्ने नीतिको खुब ठूलो प्रशंसा गरेको छ। सो विद्युत् उत्पादन गर्न उनीहरू सक्षम रहेको दावी गरिरहेका छन् । तर, उनीहरू के बिर्सन्छन् भने जलविद्युत् आयोजना बनाउन नभई नहुने विस्फोटक पदार्थ आयात गर्दा सो आयोजनाका प्रवर्द्धन तथा त्यसमा लगानी गर्ने बैंकका सञ्चालकहरूको समेत विवरणहरू माग्दछ ।चिनियाँ लगानी त परको कुरा चिनियाँ ठेकेदार संलग्न भएको आयोजनाको विद्युत् समेत उसले नकिन्ने भन्छ ।

नेपालले निर्यात गर्न सक्ने बिजुली उसले किन्दैन, किन्नै परे पनि अलि-अलि बढाएर किन्छ। उसका यी सबै व्यवहार देख्दादेख्दै पनि निजी क्षेत्र उत्साहित हुनुको कुनै अर्थ छैन । अर्को कुरा जलविद्युत् आयोजना दुई-चार करोडको लगानीमा बन्ने होइन । अर्बौं, खर्बौंको लगानी चाहिन्छ र त्यस्तो लगानी गर्न बजारको सुनिश्चितता नभई कोही आउनेवाला पनि छैन ।अग्निपथको सन्दर्भमा यो विश्व नवउदारवादको नीतिसँग जोडिएको भनिन्छ । त्यसमा राज्यमाथि कमभन्दा कम दायित्व सृजना गरेर सरकारी कामहरू गर्ने, गराउने कुरा पर्दछ। नवउदारवादको उत्कर्ष अहिले भाजपाको नेतृत्वमा भारतमा देखिन्छ ।चार वर्षसम्म युवाहरूलाई भारतीय सेनामा

**बाँकी तेस्रो पृष्ठमा.........**

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

बारागढि गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

# अन्तर्राष्ट्रिय खबर

## मन्त्रालयका प्रशिक्षार्थी हुँदै फ्रान्सको प्रधानमन्त्री बनेका ३४ वर्षीय एटल, चार कारणले परे म्याक्रौँको रोजाइमा

२७ पुस, काठमाडौँ । प्रशिक्षार्थीका रुपमा फ्रान्सेली स्वास्थ्य मन्त्रालयमा छिरेका ग्याब्रिएल एटल एक दशकपछि प्रधानमन्त्रीमा विराजमान हुन पुग्नु धेरैका लागि रोचक परिघटना बन्न पुग्यो ।१७ वर्षको उमेर मा राजनीतिमा प्रवेश गरेका उनी ३४ वर्षको उमेर मा फ्रान्सको दोस्रो सर्वोच्च पदमा पुगेसँगै अहिले सर्वत्र चर्चा छ । आलोचकहरुले भने उग्र दक्षिणपन्थी आन्दोलनको भूमरी एटलले थेग्न नसक्ने भन्दै उनलाई प्रधानमन्त्री बनाउने इम्यानुएल म्याक्रौँको निर्णयको विरोध गरेका छन् ।विरोधीका आवाजमा विर्को लगाउनेगरी एटल भन्छन्‘जिम्मेवारीसँगै आउने चुनौती स्वीकार्य छन् । राष्ट्रको सेवाभन्दा ठूलो अरु केही छैन ।’म्याक्रौँको रोजाइमा एटल किन परे रु बढ्दो महँगी, कमजोर सुशासन, खुला आप्रवासन लगायतमा म्याक्रौँ नेतृत्वको सरकारलाइ चुनौती दिनेगरी चलिरहेको आन्दोलनलाइ के एटलले थेग्लान्रु यी प्रश्नको कसी राख्दै एटलको परिचय सुरु गरौँ ।

गाब्रिएल एटल सन् १९८९ मा फ्रान्सको दक्षिणी गाउँ क्लामार्टमा जन्मिएका हुन् । उनका पिता यभस एटल ट्युनिसियाका सफल चलचित्र निर्माता थिए । उनकी आमा म्येरी कोरिसस पनि चलचित्र उद्योगमै काम गर्थिन् । बाबुआमा र तीनजना बहिनी सहित ग्याब्रिएल एटल पेरिसमा हुर्किए ।निजी स्कुलबाट विद्यालय तह सकेका उनले फ्रान्सको प्रतिष्ठित विश्वविद्यालयबाट स्नातक गरे । १७ वर्षको उमेरमा उनी राजनीतिमा होमिएका थिए । समाजवादी पार्टीको सदस्य भएका उनले सन् २००७ को राष्ट्रपतीय निर्वाचनमा सेजोलेन रोयललाइ समर्थन जनाए । रोयलको चुनावी अभियानमा एटल निकै सक्रियतापुर्वक होमिएका थिए ।एटलको साथीकी आमा फ्रान्सको स्वास्थ्य मन्त्री थिइन् । सन् २०१२ मा स्वास्थ्य मन्त्री मेरिओल टरिनले एटललाइ स्वास्थ्य मन्त्रालयमा काम दिइन् । मन्त्रालयमा रहँदै उनले स्थानीय निकायमा समेत काम सुरु गरे । स्थानीय तहमा काम गर्दा उनले स्थानीयसँगको सम्बन्ध बलियो बनाउँदै लगे । सन् २०१६ मा उनले समाजवादी पार्टी त्यागे । त्यसपछि उनी म्याक्रौँले सुरु गरेको अभियानमा सरिक भए । पार्टी छोडेर अभियानमा लागेकै अर्को वर्ष फ्रान्समा चुनाव थियो । सन् २०१७ मा भएको फ्रान्सको तल्लो सदनको चुनावमा उनी निर्वाचित भए ।२९ वर्षको उमेरमा उनी कनिष्ठ शिक्षामन्त्री बने । कोभिडको समयमा उनी सरकारको प्रवक्ता समेत तोकिए । सन् २०२२ देखि २०२३ मा एटल सहायक अर्थमन्त्री समेत भए । सन् २०२३ जुलाइ उनी शिक्षामन्त्रीमा नियुक्त भए । पूर्ण शक्तिसहितको शिक्षामन्त्री फ्रान्सेली क्याबिनेटमा निकै शक्तिशाली मानिन्छ ।अब, म्याक्रौँको रोजाइमा उनी पर्नुको कारण केलाऔँ । ३९ वर्षमा राष्ट्रपति बनेका म्याक्रौँले युवा राष्ट्रपतिका रुपमा निकै चर्चा कमाएका थिए । ४६ वर्षको उमेरमा ३४ वर्षका युवालाई आफू पछिको शक्तिशाली पदमा नियुक्त गरेर उनी फेरि चर्चामा आएका छन् । म्याक्रौँले उनलाइ प्रधानमन्त्री बनाउनुका चार कारण छन् ।पहिलो कारण भनेको एटल फ्रान्समा हरेक घरले चिन्ने युवा पात्र हुन् । कोभिड महामारीको समयमा सरकारको प्रवक्ता भएका नाताले उनलेनै सरकारी नीति र नियमको ब्रिफिङ प्रेस मार्फत गर्थे । दिनदिनै प्रेस ब्रिफिङमा आउने भएकाले एटल घरघरमा प्रेस मार्फत छाएका थिए । त्यसबखत उनले सरकारको राम्रो बचाउ गरेका थिए । छोटो समयमै धेरै जनतामाझ परिचित भएका कारण एटललाइ म्याक्रौँले छनौट गरेका हुन् ।उनलाइ छनौट गर्नुको दोस्रो कारण भनेको उनले म्याक्रौँ सरकारबारे गरेको सशक्त बचाउ पनि हो । सन् २०२३ को सुरुवाततिर फ्रान्समा पेन्सन सुधार विधेयकलाइ लिएर निकै ठूलो आन्दोलन भएको थियो । त्यसबखत सरकारनै संकटमा पर्नेगरी आन्दोलन चर्किएको थियो । त्यस्तो जटिल समयमा सरकारको प्रवक्ताको हैसियतमा एटलले कुशल बचाउ गरेका थिए । उनले भनेका थिए‘पेन्सन सुधार सम्बन्धी नयाँ कानुन टाट पल्टिन लागेको मुलुकलाइ सुधारतर्फ अग्रसर गराउनु हो । मुलकुलाइ टाट बनाउने वा सुधार गर्ने हामीसँग रहेको विकल्प मध्ये हामीले उत्तम विकल्प रोजेका छौँ ।’संकटको घडीमा एटलले गरेको सरकारको सशक्त बचाउको पुरस्कारका रुपमा उनलाइ जुलाइ २०२३ मा म्याक्रौँले शिक्षा मन्त्री बनाए ।तेस्रो कारण भनेको विद्यालयमा भड्किरहेका हिंसा अन्त्य गर्ने एटलको दृढताका कारणले पनि म्याक्रौँको छनौटमा उनी पर का हुन् । फ्रान्सकी फर्स्ट लेडी ब्रिगेटी म्याक्रौँकी पुर्वशिक्षिका हुन् । फ्रान्सका विद्यालयमा बढ्दै गएको हिंसाप्रति उनी निकै चिन्तित छिन् । शिक्षकहरुमाथि विद्यार्थीहरुले गर्ने आक्रमणका घटना फ्रान्समा वृद्धि भइरहेको छ । शिक्षकमाथि हुने हिंसाबारे अहिले फ्रान्समा वृहत बहस भइरहेको छ । आफु स्कुलमा हुँदा भोगेका बुलीका अनुभवबाट एटलले यस्ता गतिविधि पूर्णरुपमा प्रतिवन्ध गर्ने संकल्प गरेका छन् । सुरुमा उनले फ्रान्सेली युवतीहरुले टाउको ढाकिने गरी लगाउने कपडा प्रतिबन्ध गरे । यस कदमपछि उनको ठूलो आलोचना भयो । धार्मिक अभियन्ताहरुले एटलको निकै विरोध जनाए । हिंसा भड्किनुमा त्यस कपडाको कुनै दोष नरहेको उनीहरुको भनाइ थियो । उग्र दक्षिणपन्थीहरुले समेत उनको यस अभियानमा साथ भने दिएका थिए ।म्याक्रौँले आसन्न चुनावमा युवा मत आकर्षित गर्नका निम्ति पनि एटललाइ प्रधानमन्त्री बनाएका हुन् । म्याक्रौँको सरकारमा एटल निकै लोकप्रिय पात्र हुन् । ओडक्सा नामक संस्थाको सर्वेक्षण अनुसार उनी युवामाझ निकै लोकप्रिय समेत छन् । युरोपेली युनियनका अधिकांश मुलुकमा गत वर्ष भएका निर्वाचनबाट उग्र दक्षिणपन्थीको उदय भएका छन् ।यो हावाबाट फ्रान्सलाई बचाउनका निम्ति उनले युवा मतदातालाई आफुतर्फ आकर्षित गर्नैपर्नेछ । यसकै निम्ति पनि म्याक्रौँले एटललाइ चुनेको विश्लेषण भइरहेको छ । म्याक्रौँको दल रेनिसा पार्टीका सांसद अलेक्सजेण्डर होएडले पोलिटिकोसँग भनेका छन्‘ युरोपभर चलिरहेको उग्र दक्षिणपन्थी हावाको बेगलाइ फ्रान्सका रोक्नका निमित्त सरकारका कामकारवाही निकै प्रभावकारी बनाउनैपर्छ । यसका निम्ति एटल सक्षम छन् ।’एलेक्जेण्डरको यो भनाइले म्याक्रौँलाइ उग्र दक्षिणपन्थीको सरकारविरुद्धको अभियानबाट रोक्नका निम्ति एटल सक्षम रहेको दर्शाउँछ ।कार्यभार सम्हालेसँगै एटलले आफुलाइ प्रधानमन्त्री बनाउने म्याक्रौँको निर्णय युवामाझ आशाको संचारको रुपमा लिनुपर्ने बताएका छन् । आप्रवासी नीति, सुशासन र महँगी नियन्त्रणमा प्रभावकारी काम गर्ने घोषणा समेत उनले गरेका छन् ।‘म प्रधानमन्त्रीमा नियुक्त भएसँगै युवा प्रधानमन्त्री बनेको भन्दै चौतर्फी आवाज बुलन्द भएको महशुस मैले गरेको छु । कार्यभार सम्हाल्दैगर्दा उनले दिएको अभिव्यक्तिप्रति खुशी व्यक्त गर्दै म्याक्रौँले एक्समा लेखेका छन्‘तिम्रो र उर्जा र प्रतिवद्धताप्रति म जानकार छु । मलाइ थाहा छ तिमीले आफुलाइ निक्कै अब्वल साबित गर्नेछौ ।’म्याक्रौँले राष्ट्रपतिका रुपमा दुइ कार्यकाल शासन गरिसकेका छन् । उनको यस कार्यकाला २०२७ मा सकिँदैछ । संविधानतस् उनी स्वयं तेस्रो कार्यकालका निम्ति उम्मेदवार हुन पाउनेछैनन् ।

तर आफ्नो दलको उम्मेदवारलाइ २०२७ पछिको चुनावमा राष्ट्रपतिमा निर्वाचित गराउने चाहाना म्याक्रौँमा देखिएको छ ।भविष्यलाइनै सोचेर म्याक्रौँले एटललाइ प्रधानमन्त्री बनाउने जोखिम उठाएका छन् । कठिनाइको यो घडीमा एटलले गर्ने कार्यसम्पादन कस्तो होला विश्वले नै जोशिया युवा प्रधानमन्त्रीतर्फ नजर डुलाइरहेको छ ।

*समाचार संस्थाहरुको सहयोगमा*

## बिसे नगर्चीका.................

सहनई आदि बजाएर शाहप्रति नगरा अर्पण गरेर स्मरण गरेका हुन् । इतिहासविद्हरुका अनुसार बिसे नगर्ची पृथ्वीनारायणको नेपाल एकीकरण अभियानका एक जना सारथी हुन् । गोरखाको माझकोट नजिकै बस्दै आएका बिसे नगर्चीले पृथ्वीनारायण शाहलाई बौद्धिक, आर्थिक र सैन्य कर्मद्वारा सहयोग गरेको इतिहासमा पाइन्छ । त्यस समय नेपाल एकीकरणका लागि हातहतियार किन्न रकम अभाव भएको अवस्थामा नगर्चीले नै गोरखा राज्यका घरधुरीबाट प्रतिघर धुरी एक रुपैयाँ कर उठाउन सुझाउँदै आफैँले एक रुपैयाँ झिकेर राजालाई दिइ यसको सुरुआतसमेत गराएका थिए भन्ने इतिहास पाइन्छ ।

यसरी सङ्कलन गरिएको सो रकमबाट शाहले बनार सबाट हातहतियार किनेर ल्याएको र थप सैन्य भर्ती गरी उनीहरुका लागि हतियार किनेको इतिहासविद्को भनाइ छ । त्यसैगरी युद्धका समयमा सैनिक कपडा सिलाइदिने र विजयपछि बजाउने बाजा बनाउन र बजाउन पनि नगर्ची परिवारको योगदान रहेको थियो । चन्द्रागिरि हिल्स लिमिटेडद्वारा आयोजित कार्यक्रममा इतिहासविद् ज्ञानमणि नेपालले तथ्यहरुका आधारमा भन्दा पनि अफवाहमा विश्वास गरी इतिहासको व्याख्या हुने गरेको भन्दै राष्ट्रनिर्माताप्रति राज्यले न्याय गर्न नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, “पृथ्वीनारायणको योगदान नहुँदो हो त नेपाल आज स्वतन्त्र र सर्वभौम मुलुक नहुन पनि सक्थ्यो ।

जसले यो राष्ट्र बनाए र बचाए आज उनैलाई राज्यले सम्मान नगर्नु दुःखद् हो ।”त्यसैगरी नेपालको इतिहास र संस्कृतिका अध्येता हरि प्रसाद सोडारीले वर्तमान नेपाल राज्यका प्रणेता पृथ्वीनाराण शाहप्रति देशले सम्मान प्रदान गर्दै उनको योगदानको थप अध्ययन र अनुसन्धान हुन जरुरी छ भन्नुभयो । चन्द्रागिरि हिल्स लिमिटेडका पूर्वमहाप्रबन्धक अभिषेकविक्रम शाह र निमित्त महाप्रबन्धक श्याम तण्डुकारले चन्द्रागिरि डाँडा नेपाल एकीकरणको इतिहाससँग जोडिएकाले यो महत्वलाई सदा जीवन्त राख्न पृथ्वीनारायण शाहको सालिक निर्माण गरिएको जानकारी दिनुभयो ।

यस दिन नेपालको इतिहास र संस्कृतिप्रति जानकारी राख्ने नेपालीहरु यहाँ आएर पृथ्वीनारायणप्रति सम्मान प्रकट गर्ने गरेका पूर्वमहाप्रबन्धक शाहले बताउनुभयो । उता गोरखाबाट आउनुभएकी बिसेकी सन्तति तिलकुमारी परियारले तत्कालीन राजालाई समेत सहयोग र सल्लाह गर्नसक्ने बिसेको योगदानकोसमेत उचित कदर हुन नसकेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “त्यस समय राजाले दिएको लालमोहर हाम्रा साथमा छ तर हातमा केही छैन ।” उहाँले बिसेको नाममा गोरखामा एक सङ्ग्रहालय बनाउनुपर्ने बताउनुभयो । आज सो कार्यक्रममा पृथ्वीनारायण शाहप्रति सम्मान प्रकट गर्न तिलकुमारीसहित शिवशङ्कर परियार, यादव परियार , पूर्णबहादुर परियार र राजु परियार आउनुभएको थियो ।

उहाँहरुले देशले इतिहास बिर्सँदै गएको महसुस आफूहरुलाई भएकावेला बिसे नगर्चीका सन्ततिलाई चन्द्रागिरि हिल्सले स्मरण गरी यहाँसम्म आमन्त्रण गरेकामा खुसी लागेको बताउनुभयो ।

गोरखा माझकोटमा विसं १७७९ पुस २७ गते जन्मिएका पृथ्वीनारायण शाहले नेपाल उपत्यकामाथि विसं १८२६ विजय हासिल गरेपछि आधुनिक नेपालको जग बसालेका थिए । उनको जन्मदिन पुस २७ लाई पृथ्वी जयन्तीका रुपमा नेपालभर मनाउने गरिएको छ ।

## २० करोडका भारतीय परियोजना.................

लगाउने महिनाको रु.३० हजार तलब दिने र हतियार चलाउन सिकाएपछि उसलाई अवकाश दिने । चार वर्षसम्म पाउने रोजगारी त ठीक होला तर हतियार मात्रै चलाउन जान्ने युवालाई अवकाश दिएपछि उसले समाजमा फर्किएपछि गर्ने के हो ?आफ्नो गुप्त एजेण्डा लागू गर्न त्यस्ता युवाहरूलाई प्रशिक्षित गरेर पठाएमा नेपालको सुरक्षामा त्यसले आँच नपुर्‍याउला भन्न सकिदैन । तर, नेपाल सरकारले यस्तो गम्भीर विषयमा समेत कुनै छलफल गरेको देखिँदैन ।सो अन्तरक्रिया कार्यक्रममा आन्तरिक सुरक्षाको मामिलामा नेपाल कति लापर्वाह छ भन्ने कुरा पनि उठेको थियो । अहिले नेपालमा विभिन्न बहानामा दक्षिणतिरबाट जोगी, सन्यासी, कबाडीवाला, सयौंको संख्यामा प्रवेश गरेका छन् ।

उनीहरूलाई कसैले पनि निगरानी गर्दैन ।उनीहरू यहाँ वर्षौं त के जीवन नै बिताउन पाउँछन्, जुन संसारका कुनै पनि देशमा हुँदैन । त्यस्तालाई सरकारले त वास्ता गरेन-गरेन, स्थानीय तहहरू जो आफैं सरकार हुन् उनीहरू समेत कानमा तेल हालेर बसेका छन् ।उनीहरूलाई निगरानीमा ल्याउन धेरै ठूलो काम गर्नुपर्दैन । उनीहरू जुन घरमा बस्छन् सो घर वालाले उनीहरूको विवरण संकलन गरेर स्थानीय तहलाई बुझाउने र यहाँ जुनसुकै काम र व्यवसाय गर्न चाहे पनि त्यसको दर्ता स्थानीय तहमा गर्ने र त्यसको नियमित अनुगमन गर्न विद्यमान ऐन कानुन तथा भारतसँग भएको सन्धिले छेक्दैन ।कतिसम्म शंका व्यक्त गरियो भन्दा त्यसरी नेपाल प्रवेश गरेका व्यक्तिहरूले यहाँ ठूल्ठूलो जघन्य अपराध गरेर गए भने पनि त्यसलाई निराकरण गर्ने सोच सरकारमा देखिँदैन । जसले सिधै हाम्रो आन्तरिक सुरक्षालाई चुनौती दिइरहेको छ ।

जाडोको समयमा चिसो बाट बचौ ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

करैयामाई गाउँपालिकाको
कार्यालय ,करैया ,बारा

सिमौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# सशस्त्र प्रहरीद्वारा १० किलो लागुऔषध गाँजा बरामद

*शुभम सन्देश,*
*पर्सा २७ पौष*

पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ मालीबस्तीबाट सशस्त्र प्रहरीले १० किलो प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ । सशस्त्र प्रहरी बल प्रस्तावित सिमा सुरक्षा गुल्म सुवर्णपुरबाट सशस्त्र प्रहरी नायब उपरीक्षक रामबहादुर बोगटीको नेतृत्वमा खटिएर गएको गस्ती टोलीले गाँजा उक्त पिरमाणको गाँजा बरामद गरेको छ ।



मालीबस्तीदेखि दशगजा हुदै भारत तर्फ गईरहेका पैदल व्यक्तिले प्रहरी लाई देख्ने बित्तिकै गाँजा छाडेर भागेको सशस्त्र प्राहरी नायब उपरि क्षक बोगटीले बताए। बरामद गाँजा आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय ठोरीमा पठाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# बिसे नगर्चीका सन्ततिद्वारा चन्द्रागिरि स्थित पृथ्वीनारायणको सालिकमा नगरा

काठमाडौँ, २७ पुस :

नेपालको एकीकरणका प्रणेता शाहवंशीय राजा पृथ्वी नारायण शाहको ३०२औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस शुक्रबार मुलुकभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ। आधुनिक नेपालको एकीकरण अभियानका नेतृत्वकर्ता शाहले नेपालको एकीकरण अभियानमा पुऱ्याएको योगदानको स्मरण गर्दै शाहको तत्कालीन राज्य गोरखा, सिंहदरबारको मूलढोका तथा देशका विभिन्न स्थानमा राखिएका शाहका सालिकमा माल्यार्पण गरी उहाँको योगदानको स्मरण गरिएको छ तर आज काठमाडौँको चन्द्रागिरि डाँडामा भने अलग्गै र नयाँ तरिकाबाट उहाँको स्मरण गरिएको छ। चन्द्रागिरि डाँडा पृथ्वीनारायण शाहको नेपाल एकीकरणको इतिहाससँग जोडिएको ऐतिहासिकस्थल भएकाले यहाँ पृथ्वीनारायण शाहको पूर्णकदको सालिक निर्माण गरिएको छ ।

त्यससमय भन्ने गरिएको नेपाल खाल्डो (काठमाडौँ उपत्यका) माथि विजय हासिल गर्ने प्रण पृथ्वीनारायण शाहले यही डाँडाबाट गरेको इतिहास रहेकाले चन्द्रागिरि हिल्स लिमिटेडले विसं २०७४ मा यहाँ निर्माण गरेको पृथ्वीनारायण शाहको पूर्ण कदको सालिकको तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले अनावरण गर्नुभएको थियो ।

सो ऐतिहासिकस्थलमा निर्मित सालिकमा शुक्रबार पृथ्वी नारायण शाहको नेपाल एकीकरणका एक ऐतिहासिक व्यक्ति बिसे नगर्चीका सन्ततिले परम्परागत बाजा बजाएर नगरा लगाई उहाँप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

गोरखाबाट आएका बिसेका सन्ततिले पृथ्वीनारायण शाहकालीन समयकै जस्तो परम्परागत बाजा दमाहा,

**बाँकी तेस्रो पृष्ठमा........**

शीतलहर र हिमपातका जोखिमबाट सुरक्षित रहने उपायहरु

केही समय यता बढ्दो चिसो सँगै शीतलहर र हिमपातले जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।

शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं

कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरो दोहरो हुने व्यवस्था गरौं



बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट बचाऔं

आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं

तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धूम्रपान तथा मद्यपान नगरौं

स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं

सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निसासिएर मृत्यु समेत हुन सक्छ

आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं

देवताल गाउँपालिकाको कार्यालय ,पिप्राढी,बारा

# खेल खबर

## नेपाल ए टिम बनाउने आधार प्रधानमन्त्री कप क्रिकेट

२७ पुस, काठमाडौं । घरेलु क्रिकेटको सबैभन्दा ठूलो क्रिकेट प्रतियोगिता प्रधानमन्त्री कप शनिबारदेखि सुरु हुँदै छ ।माघ २० गतेसम्म चल्ने पुरुष प्रधानमन्त्री कप ५० ओभरको हुने छ र यसपटक प्रतियोगिताको फर्म्याट नयाँ छ । पहिलो पटक राउन्ड रोबिनमा हुन लागेको प्रतियोगितामा ७ प्रदेश र ३ विभागीय टिमले खेल्ने छन् । अघिल्ला सिजनमा प्रधानमन्त्री कपमा सहभागी टिमलाई २ समूहमा विभाजन गरेर खेलाइन्थ्यो । समूहका शीर्ष २ टिमले सेमिफाइनल खेल्थे ।तर यसपटक १० टिमले राउण्ड रोबिनमा ९ खेल खेल्ने छन् ।




सबै टिमले एक अर्कासँग खेलेपछि शीर्ष २ टिमले फाइनल खेल्ने तालिका छ ।धेरै खेल खेल्न पाउँदा टिमको साथसाथै खेलाडीलाई पनि प्रदर्शन सुधार्ने मौका हुनेछ ।प्रदेशका टिमहरुले विभागका टिमसँग र नयाँ खेलाडीले राष्ट्रिय टिमका खेलाडीसँग एउटै टिममा रहेर खेल्दा सिक्ने अवसर हुनेछ ।घरेलु क्रिकेटलाई विकास गर्ने योजना अनुसार गतहप्ता सकिएको प्रधानमन्त्री महिला टी-२० कप पहिलो पटक राउन्ड रोबिनमा भएको थियो । जसमा महिला खेलाडीले धेरै खेल खेल्न पाएको र त्यसले आफूहरुको क्षमता विकासमा सहयोग पुगेको बताएका थिए ।त्यसैले पुरुष प्रधानमन्त्री कप पनि राउण्ड रोबिनमा हुँदा यसले खेलाडीलाई फाइदा पुग्ने अपेक्षा राख्न सकिन्छ ।यसपटक काठमाडौंका त्रिवि क्रिकेट मैदान र मूलपानी क्रिकेट मैदानका साथै भैरहवामा पनि प्रतियोगिताका खेल हुने छन् ।

नेपाल क्रिकेट संघ क्यानले काठमाडौं बाहिर पनि क्रिकेटलाई फैलाउने हेतुले प्रधानमन्त्री कपका ४६ मध्ये ११ खेल भैरहवा क्रिकेट मैदानमा गर्ने निर्णय गरेको हो । बाँकी फाइनलसहित १८ खेल कीर्तिपुरमा र १७ खेल मूलपानीमा हुने छन् ।क्यानले प्रधानमन्त्री कपलाई नै आधार बनाएर यसका शीर्ष ४ टिमले खेल्ने एलिट कप आयोजना गर्ने घोषणा पनि गरेको छ ।

**नेपाल ए टिम बनाउने आधार**

क्यानले नेपालको ए टिमको संरचना तयार गर्न लागेकाले खेलाडीका लागि यो प्रतियोगिता एउटा मौकाका रुपमा पनि रहेको छ ।क्यानको वार्षिक क्यालेण्डर सार्वजनिक गर्ने क्रममा नै सचिव पारस खड्काले प्रधानमन्त्री कप नेपालको ए टिम बनाउने मुख्य आधार रहेको बताएका थिए ।हरेक टिमबाट राम्रो प्रदर्शन गर्ने खेलाडी र यू-१९ विश्वकप खेलेर आएका खेलाडीलाई मिसाएर नेपालले ए टिम बनाइने छ ।यसअर्थमा प्रतियोगिता खेलाडीलाई आफ्नो स्तर मापन गरि ए टिमका लागि दाबेदारी दिने मौका हुनेछ। 'प्रधानमन्त्री कप ए टिम निर्माणको लागि मुख्य आधार हुनेछ,' क्यानका सचिव पारस खड्काले भनेका थिए । १० टोलीबाट उत्कृष्ट खेलाडीलाई ए टिममा अटाउने र प्रशिक्षण तथा एक्सपोजरको मौका मिल्नेछ ।२०२४ को क्यालेण्डरमा नेपालको ए टिमको लागि केही प्रतियोगिता क्यालेन्डरमा राखिएको छ । नेपाल ए टिमले १९ मार्चदेखि ३० अप्रिलसम्म आयरल्यान्डको ए टिमसँग खेल्ने तालिका छ ।

**शीर्ष चारलाई एलिट ट्रफी**

क्यानले प्रधानमन्त्री कपलाई नै आधार बनाएर यसका शीर्ष ४ टिमले खेल्ने एलिट कप आयोजना गर्ने घोषणा पनि गरेको छ ।प्रधानमन्त्री कपको शीर्ष चार टिमले आगामी चैत-वैशाखमा एलिट ट्रफी खेल्न पाउने छन् ।क्यानले प्रधानमन्त्री कपलाई निकै महत्व दिँदै यस प्रतियोगिताका शिर्ष ४ टोलीलाई फेब्रुअरी /मार्च/अप्रिलमा हुने लिग चरणका खेलहरु दुई दिवसीय हुनेछ भने फाइनल तीनदिवसीय हुनेछ । 'प्रधानमन्त्री कपको शीर्ष चारमा पर्दा अतिरिक्त खेल खेल्न पाउँछौं भन्ने होस् भनेर हामीले यसो गरेका हौं', क्रिकेट संघका सचिव पारस खड्काले भने ।चार टिमले अन्य टिमले भन्दा अतिरिक्त खेल खेल्ने मौका पाउने भएकाले प्रधानमन्त्री कपको महत्व अझ बढी हुने छ । शीर्ष चारमा अटाए अर्को प्रतियोगिता पनि खेल्न पाउने महत्व बुझेर प्रदेश क्रिकेट संघहरुले टिमलाई थप मजबुत बनाउन पहल गर्ने विश्वाससमेत छ ।

**साढे २ करोड बजेट**

प्रधानमन्त्री कप राउन्ड रोबिन फर्म्याटमा गरेपछि खेल संख्यासँगै आयोजना खर्च पनि बढ्नेछ। क्यानले प्रतियोगिता सम्पन्न गर्न साढे २ करोड रुपैयाँ बजेट लाग्ने अनुमान गरेको छ ।क्यानले साढे २ करोड रुपैयाँ बजेट छुट्याएको क्यानले ५० लाख रुपैयाँ राष्ट्रिय खेलकुद परिषद राखेपबाट पाउने छ। कोषाध्यक्ष पदमबहादुर खड्का भन्छन्, 'हामीले प्रतियोगिता सञ्चालनका लागि साढे २ करोड रुपैयाँ बजेट छुट्याएका छौं, जसमा ५० लाख रुपैयाँ राष्ट्रिय खेलकुद परिषदले दिनेछ भने २ करोड बजेट क्यानको हुनेछ ।

एउटा टिमको बजेट २५ देखि ३० लाख रुपैयाँ बराबरको हुनेछ भने खेलाडीको लागि खाने बस्ने सुविधासहित १ हजार खेल भत्ता दिइने छ ।काठमाडौं बाहिर पनि खेल राखेकाले खर्च बढी भएको कोषाध्यक्ष खड्काले बताए । 'हामीले भैरहवामा पनि खेल राखेका छौं । केही सुलभ होला भन्दा झन खर्च बढी आइरहेको छ । जसका कारण प्रतियोगिताको बजेट भार बढी परेको हो', उनले भने ।